# ४. श्री केदारमान व्यथित

*[संवत् २०४८ साल आश्विन १५ गते रोज ५ का दिन आयोजित समारोहमा "उत्कृष्ट काव्य कृतित्व र विभिन्न संस्थागत माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिका निम्ति आधा शताब्दीभन्दा बढी समयदेखि अनवरत रूपमा सृजनशील र क्रियाशील रही नेपाली भाषा र साहित्यको प्रतिष्ठा बढाएबापत" प्रदान गरिएको संवत् २०४८ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि श्री केदारमान व्यथितले व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १३२ बाट उद्धृत गरिएको हो।]*

उपस्थित महिला तथा सज्जनवृन्द, आदरणीय सभापतिज्यू, सम्माननीय बडागुरुज्यू !

सरस्वतीका वरदपुत्रहरू विदुषीहरूको जमघटमा बोल्नुपर्दा मलाई अप्ठेरो जस्तो लागिरहेको छ। महात्मा गान्धीजीले एक ठाउँमा भन्नुभएको छ, सबै भन्दा महत्वपूर्ण भाषा मौन हो। यसलाई केही नबोलीकन चूप लागी बस्नु जस्तो राम्रो कुरा केही छैन। तर बोल्नै पर्ने बाध्यता आएमा गान्धीजीले भन्नुभएको छ, कन्जुसले पैसा खर्च गरेको जस्तो बोली खर्च गरेर बोल्नू भनेर। म त्यस्तै गरेर कन्जुस्याईका साथ केही बोल्दछु ।

सर्वप्रथम मभन्दा अघिका सम्पूर्ण साहित्यिकहरू जसले मलाई कविताको क्षेत्रमा अगाडि बढ्न प्रेरणा गर्नुभएको छ। उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दछु र उहाँहरूले देखाएको मार्गलाई मैले अनुसरण गरेको हुँदा यो पुरस्कार प्राप्त भएकोमा यसलाई आशीर्वादको रूपमा मैले ग्रहण गरेको छु। नेपाली साहित्य आज जुन अवस्थामा छ त्यो हामीले मन खुम्च्याउनुपर्ने अवस्थामा छैन, उन्नत अवस्थामा छ। नेपाली साहित्यका गद्य विधा उपन्यास र कविता विधामा जे जति लेखिएका छन् समुन्नत छन्। काव्यहरू, कथाहरू, उपन्यासहरूमा हामीले लघुताभास गर्नुपर्ने छैन। यो मैले भनिरहनु पर्ने हैन आलोचकहरूको विषय हो। म कवि भएको हुनाले राम्रै राम्रो देख्ने बानीअनुसार मैले यस्तै देखेको छु। त्यसकारण आज जुन पुरस्कार मलाई प्रदान गरियो त्यसका लागि मदन पुरस्कार गुठीका अध्यक्षलगायत सम्पूर्ण सदस्यहरूप्रति र दीक्षितज्यूलाई विशेष गरेर आभार व्यक्त गर्दछु। वहाँहरूले मलाई लालमोहर लगाइदिनुभयो। कवि व्यथितले लेखेको

कविता ठीक छ भनिकन । म गुठीप्रति आभार प्रकट गर्दछु । उहाँहरूले एउटा जिम्मेवारी पनि थप्नुभएको छ । पुरस्कारले मलाई भविष्यमा राम्रो लेख्ने प्रेरणा गरिरहेको छ । म प्रेरित छु । तर दुर्भाग्यवश म मृत्युको मुखतिर निस्केकोले समय धेरै छैन । मेरो आँखाको देख्ने शक्ति खत्तम भयो । किनभने मेरो आँखा डेढ वर्षदेखि ठीक छैन । डाक्टरहरूले निकै इलाज गरे । यो आँखामा विकिरणले डाम्यो अनि बल्ल देख्न थालेको छु । देख्न थालेपछि मैले यहाँको लागि एउटा कविता लेखेर ल्याएँ । मलाई लेख्न कष्ट हुन्छ । डाक्टरसँग सम्पर्क गर्दा अलिअलि पढ्न हुन्छ, धेरै बल नगर्नुस् भने । म त पुरस्कृत भएँ भएँ, पुरस्कृत भएपछि, तपाईंहरूको सभामा उपस्थित भएपछि मैले केही न केही सृजना त दिनै पर्दछ ।

हाम्रा बडागुरुज्यूले आज बडा मार्मिकतासँग सान्दर्भिक तरिकाले कविताबारे उद्गार व्यक्त गर्नुभयो । म वहाँको अनुमोदन गर्दछु । आगोले नपोल्ने हावाले नउडाउने पानीले नभिजाउने मेरो कविता म पढ्छु–

**भूमि शीर्षकको कवितामा मेरो पहिचान**

मेरो परिचयको
नाउँ हो प्रजापति ।
निरन्तरता भएको
सृजन नै मेरो धर्म हो ।
आफ्नो दैनन्दिन कार्य-सूचीमा
लेखन कर्मलाई
पूजाकै अर्थमा प्राथमिकता
प्रदान गरेको छु
मैले ।
म क्रान्तदर्शी कवि हूँ ।
यसैले त
मैले लेखेका अक्षरहरू र
ती अक्षरहरूले प्रक्षेपण गरेका
शब्द-संयोजनबाट
सत्य र शिव-सुन्दरकै
वर्णमाला सम्पादन हुन सकेको ।

अत्यन्त निष्ठाका साथ संस्कृतिकै
शुक्ला धारामा दिनहुँ स्नान गरेर
कायिक-मानसिक तथा वाचिक
विकारहरू आफ्ना धोइसकेको
छु मैले ।

यो मानव-चोलामा मात्र होइन
कि
यस अघिका प्रत्येक जुनीमा पनि
अनन्य श्रद्धा र निष्ठाका साथ
उपर्युक्त शुक्ला धारामा
नुहाउने गरेको थिएँ मैले ।
त्यसकै फलस्वरूप
विश्व-आयोजनको महोत्सवमा
सम्मिलित हुन पाएको छु मैले ।
अत: उपर्युक्त महोत्सवमा
सम्मिलित हुन पाउनु
कम सौभाग्यको कुरो होइन मेरो
निम्ति ।
अस्तु !
आगोको मसीमा
प्राणको कलम चोपेर
अन्तरिक्षको कागजमा
भूमि शीर्षकको कविता लेखेको छु
मैले ।

प्रस्तुत कविताको
उल्लेखनीय पक्ष यो छ कि

त्यसमा उपयोग गरेको
छु मैले
उर्युक्त वर्णमालाभित्रका
अक्षर र शब्दहरू मात्र।
स्वस्ति-मुख श्रीबाट
आरम्भ भई,
शुभम् मै अन्त्य हुने विचार
-सौन्दर्य
अभिव्यक्त भैरहेको
भूमि शीर्षकको उक्त कवितामा
पारदर्शी मेरै व्यक्तित्वको
छाप छ।
यहाँ मैले वाचन गरिरहेको
प्रस्तुत कवितामा
उदय, समृद्धि तथा शान्तिकै
कामनाप्रति प्रतिवद्ध
वैविध्यपूर्ण सृष्टि अभिव्यक्त
भएको छ।
भूमि शीर्षकको उक्त कवितामा
विद्यमान रस-वैशिष्ठ्यकै
प्रतिमान त हुन् नि
बार-बार
सङ्गीतपूर्ण स्वरमा
तरङ्गित भैरहेका
नदी, गङ्गा, सिन्धु।
शरद् ऋतुको अकाशमा
उदाइरहेको चन्द्रमाले
प्रस्तुत कवितामा
अभिव्यक्त भैरहेको
मेरै मानसिक-माधुर्यको
प्रतिनिधित्व गरेको छ।
कालको पहिचान
विशेषणहरूद्वारा प्रस्तुत गरिरहने
चक्रमणशील निरन्तरता भएकी
भूमिकै •
नमनीय पुरुष
आदित्य नै त हुन् नि
मेरो काव्य-लेखनको उर्जास्रोत।
प्रभातकालीन प्रार्थनाद्वारा
चोखिएर,
आकाशभरि बलिरहेका
आरती-दीपहरूमा समर्पण
भावना आफ्नै पोखिरहने
पृथ्वी
पुण्य-व्रती भएरै त
आफ्नो कविताको विषय धर्तीलाई
बनाएको
मैले।
गर्भाधानकै निम्ति
भएको सृजन-धर्मी
मेरो अवतरणबाट
भूमि रत्न-गर्भा
भएकै दिनदेखि
अन्य चारओटै
महाभूतहरू पनि जड होइनन् कै
परिणामहरूलाई प्रस्तुत गरिरहेका
छन्
नित्य नूतन रूपमा
प्राप्त हुने गरेका
सन्धान-निस्कर्षहरूले।
कहिल्यै पनि समाप्त नहुने
ऊर्जा-धारा
निरन्तर मूल फुटिरहने
आलोक-शिखर
आफ्नै काव्य-माध्यमबाट
आरोहण गरिरहने
महत्त्वाकाङ्क्षी व्यक्तित्व
मेरो
केन्द्रीय नायककै रूपमा
प्रस्तुत हुन सकेरै त
उपर्युक्त काव्यको अर्थ-आयामभित्र
प्राणी मात्रकै कल्याण-कामना
समाविष्ट हुन सकेको।
विश्व-आयोजनको भूमिकालाई

सफलताका साथ
अघि बढाइरहने
म
शनैः शनैः पारस हुँदै
गइरहेको छु ।
अब उप्रान्त मेरो सम्पर्कमा
आउने प्रत्येकको
शरीरको
मात्र होइन कि
मन एवं
मस्तिष्कको पनि कल्प
सुनिश्चित हुने भएको छ ।

स्पर्श-चेतनाको
शुभारम्भ
अन्तरिक्षमा पनि
हुन सकोस् कै उद्देश्यले
झन्झन् बढी ऊर्ध्व-मुख
हुँदै गैरहेका
मेरै दायाँ हातका चैतन्य
शिखरहरू
पाँचौटैले
नित्य नव यौवना भूमिकै निम्ति
समुन्नत आ-आफ्नो मस्तकमा
धारण गरिरहेका छन्
सौभाग्यकै स्थिरताका लागि
प्रकाश-वीर्य सूर्यलाई,
रस-समृद्ध जीवनकै
प्रतिष्ठाका निम्ति
पीयूष-वर्षी मेघलाई,
राग-मधुर हृदयकै संप्रेषणका
लागि
इन्द्रेणी परेको प्राभातिक
क्षितिजलाई,
निर्मालिन्य मानसिकताकै
प्रकाशनका निम्ति
शरद् ऋतुकै जूनलाई,
समर्पण-भावनाबोधकै उद्दीपनका
लागि
दीपावली प्रज्वलित भैरहेका
रातलाई ।
निरन्तरता भएको
आरोहणकै क्रममा
भञ्ज्याङै पिच्छे
चुनौतीका थुम्काहरू
झन्-झन्
अग्लिँदै जाने गरेका
विकास-शिखरकै आरोही म
अर्थात्
पृथ्वीलाई प्राप्त भएको
प्रकृतिकै सर्वोत्कृष्ट उपहार-मान्छे
म
निःशेषताका साथ
प्रस्तुत भइरहेको उक्त कविताले
चिर्बिरकै लयात्मक स्वरमा व्यक्त
गरेको छ
नित्य प्रातः
सूर्यले प्राच्य आकाशमा धारण गर्ने
गरेको
सम्पूर्ण श्री
प्राणी मात्रकै निम्ति
स्वस्ती-मुख
हुन सकून्कै शुभ-कामना !

म आफ्नो काव्य यात्राको
समाप्ति
मात्र त्यसबेला ठान्नेछु
जुन बेला
धरतीलाई
भू-स्वर्ग र
मनुष्य मात्रलाई नर-देवताकै
प्रतिष्ठा प्राप्त हुनेछ ।
अस्तु !